निश्चय नै, तिमीहरूले यो चन्द्रमा देखे जस्तै आफ्नो रब (पालनकर्ता) लाई देख्नेछौ र उहाँलाई हेर्दा तिमीहरूलाई कुनै समस्या हुनेछैन

जरीर बिन अब्दुल्लाह (रजियल्लाहु अन्हु) ले बयान गरेका छन्, हामी रसूल (सल्लल्लाहु अलैहि वसल्लम) सँग थियौं । उहाँले एक रात पूर्णिमाको चन्द्रमातिर हेरेर भन्नुभयो: "निश्चय नै, तिमीहरूले यो चन्द्रमा देखे जस्तै आफ्नो रब (पालनकर्ता) लाई देख्नेछौ र उहाँलाई हेर्दा तिमीहरूलाई कुनै समस्या हुनेछैन । तसर्थ, यदि तिमीहरू सूर्योदय र सूर्यास्त हुनुअघिका नमाजहरू (फज्र र अस्र) पढ्न सक्षम छौं भने, ती नमाजहरूलाई
कहिल्यै नछोड्नु।" त्यसपछि उहाँले यो आयत पढ्नुभयो: (सूर्योदय र सूर्यास्त हुनु अघि आफ्नो परमेश्वरको प्रशंसाको साथ महिमा गर) । [सही] [मुत्तफकुन अलैहि]

एक रात साहाबहरू रसूल (सल्लल्लाहु अलैहि वसल्लम) को साथमा थिए र यसैबीच उहाँले पूर्णिमाको चन्द्रमातिर हेरेर भन्नुभयो: आस्थावानहरूले आफ्ना परमेश्वरलाई प्रत्यक्ष आँखाले देख्न पाउनेछन् र उहाँलाई हेर्दा कुनै समस्या, थकान वा कठिनाइ हुनेछैन । त्यसपछि रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभयो: यदि तिमी फज्र र अस्रको नमाज पढ्नबाट रोक्ने वा विचलित गर्ने कारणहरू हटाउन सक्षम छौ भने, यी दुई नमाजहरूलाई समयमा र जमातसहित पूरा गर। किनभने यी दुई नमाजहरू अल्लाहको अनुहार हेर्ने सौभाग्य प्राप्त गर्ने कारणहरू मध्ये एक हुन्। त्यसपछि रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले यो आयत पढ्नुभयो : (सूर्योदय र सूर्यास्त हुनु अघि आफ्नो परमेश्वरको प्रशंसाको साथ महिमा गर) ।

http://www.sunnah.global/hadeeth/ne/show/5657